फोन नं.९८५५०४८८९९
ईमेल:pmamp.piu.bara@gmail.com
वेबसाइट :piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाई,बारा

# स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गको लागि अवश्यक यन्त्र उपकरणहरुको खाम्बन्दी दररेट सहित सुचिकृत हुने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१३)**

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई,बारा बाट चालू आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिचाई पूवधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम अन्तरगत स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गको कार्यक्रम रहेकोले योग्यता पुगेका ईच्छुक कृषि यन्त्र उत्पादक, आपुर्तिकर्ता, वितरकहरुबाट परियोजनाले उपलब्ध गराउने निर्दिष्ट फाराम भरी आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन अर्थात २०७९/१०/२८ गते १२:०० बजे भित्र खामबन्दी दररेट पेश गर्न सूचित गरिन्छ। रित पूर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिनको २:०० बजे आपुर्तीकर्ता वा निजको प्रतिनिधि तथा परियोजनाको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ। प्रस्ताव खोल्ने दिन बिदा पर्न गएमा सोको भोलिपल्ट प्रस्ताव खोलिने छ। आपुर्तीकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन । साथै यस परियोजनाबाट उपलब्ध हुने निर्दिष्ट फाराम परियोजनाको वेबसाईट piubara.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ तथा थप जानकारीको लागि परियोजनामा सम्पर्क गर्न हुन अनुरोध छ।

**आवश्यक कागजातहरु :**

१.फार्म/कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

२.फार्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्टारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,

३.PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

४.पछिलो तनि आ.व.को लेखा परिक्षणको प्रतिलिपी(सम्वन्धित कामको अनुभव ३ वर्षको हुनुपर्ने)

५.पछिल्लो आ.व. अर्थात आ.व २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

६.परियोजनाले उपलब्ध गराएको निर्दिष्ट फारम (पूर्णरुपमा भरिएको)

७.आपुर्तिकर्ताले आपुर्ति गर्ने सक्ने स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गको लागि अवश्यक यन्त्र उपकरणहरुको परिमाणको कुल रकमको ५% बराबरको १३ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस परियोजनाको परियोजना कोड नं.३१२००२१०१ तथा रा.बा.बैंक, कलैया (बारा) को धरौटी खाता न.१२६०१००१०२०३०००० मा जम्म गरी सकल भौचर सहित पेश गर्नु पर्नेछ।

निमित्त कार्यालय प्रमुख

फोन नं.९८५५०४८८९९
ईमेल:pmamp.piu.bara@gmail.com
वेबसाइट :piubara.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाई,बारा

८.सुचिकृत भएको आपुर्तिकर्ता प्रस्ताव पेश गरेका यन्त्र उपकरणहरुको किसिम(Type),क्षमता (Capcity),मोडल(Model),ब्राण्ड(Brand),र स्पेशिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुलाई समूहकृत गरी उक्त समूहमा परेको न्यूतम मूल्य -Lower rate),लाई आधार मानी मूल्य तोकने छ । छनौट भएका अनुदानग्राहीले आफुले रुचाएको स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गका यन्त्र उपकरणहरु सुचिकृत भएको आपुर्तिकर्ता बाट सम्बन्धित यन्त्र उपकरणहरु खरिद गर्ने छ ।

९.परियोजनाको स्वीकृत कार्याक्रमहरुको विनियोजित रकमको अधिनमा रही अनुदानग्रहीबाट भएको स्यालो टयुबवेल जडान तथा डिप बोरिङ्गका लागि यन्त्र उपकरणहरु आपुर्ति गर्नुपर्ने छ। यसरी आपुर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो को यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्ने छ । अनुदान वापतको रकम अनुदानग्राहीको खतामा जम्मा हुने गरी यस परियोजनाबाट भुक्तानी हुनेछ ।

निमित्त कार्यालय प्रमुख